Regd. No. 146570/072/073

# UNION HYDRO HOLDING LIMITED

(Formerly Known as: Union Hydropower Limited)

Kathmandu Metropolitan City-1, Naxal, Phone No.: 01-5425406

Email: unionhppl@gmail.com, Website: www.unionhydropower.com.np

च.न. १२२/८२/८३

मिति: २०८३/०२/१३

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

विषयः कम्पनीको नाम परिवर्तन, प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धमा जानकारी गराई अभिलेख अद्यावधिक गरि पाउँ सम्बन्धमा।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८३/०१/०६ को **विशेष साधारण सभा**बाट पारित विशेष प्रस्ताव बमोजिम यस कम्पनीको नाम युनियन हाइड्रोपावर लिमिटेडबाट युनियन हाइड्रो होल्डीङ्ग लिमिटेडमा परिवर्तन गर्ने निर्णय भएको माइनुट यस अघि नै पेश गरिएको कुरा सविनय अनुरोध गर्दछु ।

उक्त विशेष साधारण सभाको निर्णय अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनुका साथै उक्त निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०१/३१ मा जारी कम्पनी नाम परिवर्तन प्रमाणपत्र/संशोधित दर्ता प्रमाणपत्र प्राप्त भई कम्पनीको नाम परिवर्तन विधिवत रुपमा कार्यान्वयनमा आएको छ ।

यसै सन्दर्भमा कम्पनीको आधिकारिक विवरण अनुरूप कम्पनीको लेटरहेड (Letterhead) तथा छाप/स्टयाम्प (Official Stamp/Seal) समेत संशोधन गरिएको जानकारी गराउदै परिवर्तित ढांचा यसै पत्रमा भए अनुसारको हुनेछ ।

तसर्थ, तहाँको अभिलेख तथा प्रणालीमा कम्पनीको नाम, प्रबन्धपत्र तथा नियमावली सम्बन्धी विवरण अद्यावधिक गरी आगामी सम्पूर्ण पत्राचार, अभिलेख तथा कारोबार तपसिल वमोजिम कायम गरिदिनुहुन अनुरोध गर्दछौं।

तपसिलः
नामः युनियन हाइड्रो होल्डीङ्ग लिमिटेड
ठेगानाः काठमाडौं महानगरपालिका -१, नक्साल

साथै, आवश्यक जानकारी तथा अभिलेखका लागि देहाय बमोजिमका कागजातहरू यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

१. विशेष साधारण सभाबाट पारित विशेष प्रस्तावको प्रतिलिपि;
२. कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी नाम परिवर्तन/संशोधित दर्ता प्रमाणपत्रको प्रतिलिपि;
३. संशोधित प्रबन्धपत्र (MOA) को प्रतिलिपि;
४. संशोधित नियमावली (AOA) को प्रतिलिपि;

Kathmandu Metropolitan City-1, Naxal, Phone No.: 01-5425406
Email: unionhppl@gmail.com, Website: www.unionhydropower.com.np

५. कम्पनीको नाम परिवर्तन सम्बन्धमा राष्ट्रिय दैनिकमा प्रकाशित सुचनाको प्रतिलिपि

अतः उक्त विवरणहरु तहाँको अभिलेखमा अद्यावधिक गरी दिनुहुन सविनय अनुरोध गर्दछु ।

भवदीय,

हरि बंश भण्डारी
कम्पनी सचिव

वोधार्थः

१. NEPSE
२. CDS and Clearing Limited.
३. LS Capital Limited

# युनियन हाइड्रोपावर कम्पनी लिमिटेड

बिक्रम सम्बत २०८३ साल बैशाख ६ गते आइतवारका दिन
सिद्धार्थ कटेज, धोविघाट, ललितपुरमा सम्पन्न भएको
बिशेष साधारण सभाको निर्णय पुस्तिका ।

१. पृष्ठभूमी

युनियन हाइड्रोपावर लिमिटेड कम्पनीको बिशेष साधारण सभा मिति २०८३/०१/०६ गतेका दिन **सिद्धार्थकटेज, धोविघाट, ललितपुरमा सम्पन्न भएको** भएको थियो । बिशेष साधारण सभा सञ्चालन गर्नु पर्ने परिस्थीती सृजना भएकाले शेयरधनी महानुभावहरुले बिशेष साधारण सभामा भाग लिंदा बिद्युतिय माध्यम Virtual Zoom जुम Application बाट बिशेष साधारण सभामा भाग लिन सकिने ब्यवस्था गरी शेयरधनीहरुलाई सोही अनुसार सभामा भाग लिइदिन अनुरोध समेत गरिएको थियो । सञ्चालक समितिका सदस्यहरु सिद्धार्थ कटेज, धोवीघाट ललितपुरमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो । कम्पनी सचिवले बिशेष साधारण सभामा सहभागी हुन उपस्थित सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरु एवं बिद्युतिय माध्यमद्वारा सहभागी भएका शेयरधनी महानुभावहरुलाई यथा स्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै कम्पनीका संचालक अध्यक्ष श्री अभिज्ञा मल्लज्युले सबैलाई बिशेष साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो । बिशेष साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री अभिज्ञा मल्लज्यूले गर्नुभएको थियो । अध्यक्षज्यूको अनुमति र शेयरधनीहरुको सहमती पश्चात सभा सञ्चालन भएको थियो । बिशेष साधारण सभामा अध्यक्षज्यूले कम्पनीको उद्देश्य बमोजिम काम गर्नका लागि कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीका संशोधन, केही उद्देश्य थप तथा हकप्रद शेयर उठाउने सम्वन्धमा विषेश प्रस्ताव विशेष साधारण सभामा छलफलका लागि पेश भएकोमा उक्त विषय उपर छलफल गरी उक्त प्रस्तावलाई विशेष साधारण साभा हलवाट पास गर्ने निर्णय भएको थियो । बिशेष साधारण सभा विहान ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको १२:३० बजे समापन भएको थियो ।

(क) **सभाको सूचना तथा प्रकाशन** :

(अ) बिशेष साधारण सभाको सूचना, २०८३ साल वैशाख ६ गते हुने र उक्त विशेष साधारण सभामा छलफल गरीने विषयहरुका वारेमा शेयरधनी महानुभावहरुलाई जानकारी हुने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकासित गरीएको र कम्पनीको वेभ साइट www.unionhydropower.com.np मा राखिएको बारेमा सबै शेयरधनी महनुभावहरुलाई जानकारी गराइएको थियो ।

(आ) कम्पनीको विशेष साधारण सभाको सूचना मिति २०८२/१२/२१ गते प्रथम पटक नयाँ पत्रिका राष्ट्रिय दैनिकं र २०८२/१२/२५ गते दोस्रो पटक नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

(ख) **उपस्थिति** :

(अ) **संचालकहरुको उपस्थिति** :

| | | |
|---|---|---|
| १. | श्री अभिज्ञा मल्ल | अध्यक्ष |
| २. | श्री हरि प्रसाद पराजुली | संचालक |
| ३. | श्री कृष्ण बहादुर घिमिरे | संचालक |
| ४. | श्री प्रदिप ढकाल | संचालक |
| ५. | श्री रितिका अग्रवाल | संचालक |
| ६. | श्री सुदिन लम्साल | संचालक |
| ७. | श्री सुभाष ढकाल | (स्वतन्त्र संचालक) |
| ८. | श्री हरि वंश भण्डारी | कम्पनी सचिव |

(आ) **शेयरधनीहरुको उपस्थिति** :

| | |
|---|---|
| श्री किरण मल्ल | शेयरधनी, संस्थापक समुह |
| श्री रामजी प्रसाद कोइराला | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट) |
| श्री शालिकराम घिमिरे | शेयरधनी, संस्थापक समुह (विद्युतीय माध्यमबाट) |
| श्री स्नेहलता मल्ल | शेयरधनी, संस्थापक समुह |
| श्री सुरेन्द्र कुँवर | शेयरधनी, संस्थापक समुह |
| श्री जगन्ननाथ घिमिरे | शेयरधनी, सर्वसाधारण समुह |
| श्री भषराज भण्डारी | शेयरधनी, सर्वसाधारण समुह |
| श्री सुदिप श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह |
| श्री ब्रहदेव शाक्य | शेयरधनी, सर्वसाधारण समुह |
| श्री शत्रुधन श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह |
| श्री निरुपमा गुप्ता | शेयरधनी, सर्वसाधारण समुह |
| श्री बैजुनाथ रौनीयार | शेयरधनी, सर्वसाधारण समुह |
| श्री राजकाजी रञ्जीत | शेयरधनी, सर्वसाधारण समुह |
| श्री रामजी प्रसाद पण्डित | शेयरधनी, सर्वसाधारण समुह |
| श्री उत्तम पाठक | शेयरधनी, सर्वसाधारण समुह |
| श्री लबराज जोशी | शेयरधनी, सर्वसाधारण समुह |
| श्री लक्ष्मण बा. श्रेष्ठ | शेयरधनी, सर्वसाधारण समुह |
| श्री देवराज पौडेल | शेयरधनी, सर्वसाधारण समुह (विद्युतीय माध्यमबाट) |

इ) **पदाधिकारीको उपस्थिति :-**

| | |
|---|---|
| श्री गणेश जिरेल, प्रमुख कार्यकारी अधिकृत | युनियन हाइड्रोपावर लि. |
| श्री सुशान नगरकोटी | लेखापरिक्षक (विद्युतीय माध्यमबाट) |
| श्री बिजेन्द्र नुच्छे प्रधान | लक्ष्मी सनराइज क्यापिटल मार्केट लि.(शेयर रजिष्ट्रार) |

ई) **शेयरधनीहरुको उपस्थिति :**

१. स्वंय उपस्थिति १५० जना (संस्थागत शेयरधनीको प्रतिनिधी समेत)

२. प्रतिनिधी तथा बिद्युतिय माध्यम Virtual (Zoom App.)द्वारा उपस्थित ३८७ जना ।

(ग) **विशेष साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु :**

**बिशेष साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए :**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी नाम परिवर्तन तथा उद्देश्य थप गर्ने सम्बन्धमा ।

२. कम्पनी हकप्रद शेयर निष्कासन गर्ने सम्बन्धमा ।

३. अख्तियारी दिने सम्बन्धमा ।

४. विविध ।

गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

| विवरण | स्वयः उपस्थित शेयर कित्ता | प्रतिनिधि तथा Zoom बाट उपस्थीत | जम्मा उपस्थिति | शेयरकोअनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|
| शेयर कित्ता संख्या | २६,४५,९१० | १२,१४,३४० | ३८६०२५० | ५१.४७ |

२. **सभाको वैधानिकताः**

विशेष साधारण सभा सञ्चालन गर्नका लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपुरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा बैठक सञ्चालन गर्ने निर्णय भयो । यस बिशेष साधारण सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री अभिज्ञा मल्लज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराईयो । त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो ।

३. **सभा सञ्चालन तथा प्रस्ताव उपर छलफलः**

विषयसूची अनुसार विशेष साधारण सभाको कार्यक्रम संञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री अभिज्ञा मल्लज्युलाई कम्पनीको विशेष साधारण सभामा पेश हुने विशेष प्रस्ताव आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएकोमा निम्न सेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव दिनु भएको थियो ।

१ सुरेन्द्र कुँवरः-

युद्धको कारण इन्धनको आपूतिमा कमी आई देश विशम परीस्थीतीवाट गुज्रि रहेको कारण विशेष साधारण सभामा शेयरहोधनी महानुभावहरुको भौतिक उपस्थिती गर्न कठिन भएको अवस्थामा पनि प्रविधिको भरपुर प्रयोगको माध्यमबाट विशेष साधारण सभा गर्न सफल हुनु भएको हुँदा संचालक समितिलाई धन्यवाद दिदै आगामी दिनमा विशेष साधारण सभा तथा वार्षिक साधारण सभा पनि समयमा गर्नका लागि पहल गर्न कर्मचारी तथा संचालक समितिलाई अनुरोध गदर्छु । साथै यस कम्पनीले राम्रो गरी छोटो समयमा शेयरधनीहरुलाई वोनस दिने उद्देश्य राखी कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा सम्शोधन गर्ने तथा पव्लिकवाट राइट शेयरको लागि पहल गर्ने भनि पेश भएको विशेष प्रस्ताव पास गरी संचालक समितिलाई माग प्रसस्त गरि दिनका लागि सवैमा अनुरोध गदै आटेको काम गर्न सफल होस भनि वर्तमान संचालक समितिलाई शुभकामना व्यक्त गर्न चाहान्छु ।

२ जगन्नाथ आचार्यः-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै यस कम्पनीको विशेष साधारण सभावाट कम्पनीको नाम परिवर्तन गरी नयाँ आयोजनामा लगानीको वातावरण वनाउने भनि गरी हकपद शेयर निस्कासन गर्ने भनि आएको विशेष प्रसतावमा मेरो पुर्ण समर्थन रहनुका साथै तत्काल काम अगाडी वढाउनका लागि हाल रहेको संचालक समितिलाई शुभकामना व्यक्त गर्न चाहान्छु ।

३ भेषराज भण्डारी :-

यस कम्पनीको विशेष साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै कम्पनीको स्तर उन्नतीको लागि संचालक समितिले कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा सशोधन तथा राइट शेयर उठाउनका लागि पेश भएको विशेष प्रस्ताव पास गरी हाल रहेको संचालक समितिले गर्न खोजेका कामको लागि अग्रिमा शुभकामना दिन चाहान्छु । साथै अन्य परियोजनाको कामको श्रव्य दृस्य क्लिप निर्माण गरी देखाउनका लागि अनुरोध गर्दछु ।

४ व्रह्मदेव शाक्यः-

यस कम्पनीको विशेष साधारण सभामा मेरो आफ्नो भनाई राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यु लगायत हाल बहाल रहेको संचालक समितिलाई धन्यवाद दिन चाहान्छु । साथै आगामी आ.व.मा लाभांश खुवाउने गरी काम गर्नका लागि शुभकामना दिन चाहान्छु ।

HYDROPOWER

५ शत्रुधन श्रेष्ठ:-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीको विशेष साभारण गरी कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा गर्नु भएको संशोधनको सम्वन्धमा धन्यबाद दिदै लगानीकर्ताहरुले लाभांशको लागि नै लगानी गर्ने भएकाले त्यसको लागि योजना बनाई अगाडी बढ्न भएकोमा शुभकामना दिन चाहान्छु ।

६ लक्ष्मण बहादुर श्रेष्ठ :-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीले विशेष साधारण सभामा ल्याएको हकपद शेयर निष्कासनको प्रस्ताव स्वागत योग्य रहेको छ । कमपनीले भोलिका दिनमा यस्तो विशेष प्रस्तावहरु नियमित वार्षिक साधारण सभामा ल्याउन पनि आग्रह गर्दछु । जस्ले गर्दा कम्पनीलाई आर्थिक भार कम हुने देखिन्छ । आजका दिनमा कमपनीलाई यहा समम ल्याउनका लागि काम गर्ने कर्मचारी प्रति आभार प्रकट गर्दै विशेष साभारण सभामा पेश भएको सवै एजेण्डामा मेरो पुर्ण समर्थन जनाउदै विशेष साधारण सभा सुफलताको शुभकामना व्यक्त गर्दछु ।

७ प्रा.डा.रामजी प्रसाद पण्डित :-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीले विशेष साधारण सभामा ल्याएको हकपद शेयर निष्कासनको प्रस्ताव स्वागत योग्य रहेको छ । कम्पनीले भोलीका दिनमा यस्तो विशेष प्रस्तावहरु नियमित वार्षिक साधारण सभामा ल्याउन पनि आग्रह गर्दछु । जसले गर्दा कम्पनीलाई आर्थिक भार कम हुने देखिन्छ । आजका दिनमा कम्पनीलाई यहा सम्म ल्याउनका लागि काम गर्ने कर्मचारी प्रति आभार प्रकट गदे विशेष साभारण सभामा पेश भएको सवै एजेण्डामा मेरो पुर्ण समर्थन जनाउदै विशेष साधारण सभा सुफलताको शुभकामना व्यक्त गर्दछु ।

८ विश्वनाथ रौनियार :-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीले विशेष साधारण सभामा ल्याएको हकपद शेयर निष्कासनको प्रस्ताव स्वागत योग्य रहेको छ । विशेष साभारण सभामा पेश भएको सवै एजेण्डामा मेरो पुर्ण समर्थन जनाउदै विशेष साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

९ जिवनाथ आचार्य :-

यस विशेष साधारण सभामा मेरा भनाइ राख्ने मौका दिनु भएकोमा अध्यक्षज्यू लगायत संचालक समितिलाई धन्यवाद दिन चाहन्छु । साथै यस कम्पनीले विशेष साधारण सभामा ल्याएको हकपद शेयर निष्कासनको प्रस्ताव स्वागत योग्य रहेको छ । उक्त हकपद शेयर यथासिघ्र काम अगाडी बढाई काम गर्नका लागि हाल वहाल रहेको संचालक समितिलाई अनुरोध गर्ने निर्णय गर्दै विशेष साभारण सभामा पेश भएको सवै एजेण्डामा मेरो पुर्ण समर्थन जनाउदै विशेष साधारण सभा सुफलताको शुभकामना व्यक्त गर्दछु ।

३ **संचालक समितिका अध्यक्षज्युको जवाफ:**

यस विशेष साधारण सभामा शेयरधनी महानुभावहरुले मन्तव्य राख्ने कममा राखेका जिगासाहरुलाई स्पष्ट गरी दिनका लागि सचालक समितीका अध्यक्ष श्री अभिज्ञा मल्लज्युलाई आग्रह गरीयो ।

**अध्यक्ष श्री अभिज्ञा मल्ल :-**

यस विशेष साधारण सभामा सवै शेयरधनी महानुभावहरुलाई भौतिक रुपमा उपस्थित गराउन कठिन भएको व्यहोरा विधितै छ । यसरी यस कम्पनीको विशेष साधारण सभामा सवै शेयरधनी महानुभावको भौतिक उपस्थितीमा विशेष साधारण सभा गर्ने प्रवल इच्छा रहेको हुँदा आउने वार्षिक सभामा भौतिक उपस्थितीमा गर्ने गरी यस परिस्थीतीमा परिवर्तन आओस सोही अनुसार यस कम्पनीको शेयरधनी माहानुभावहरुलाई स्वागत गरी विशेष साधारण सभा गर्ने प्रतिवद्धता सहित यस कम्पनीको उतरोत्तर प्रगतिको कामना गदै विश्व परिस्थीको आकलन गरी प्रविधिको प्रयोग गरी virtual (Zoom App) मार्फत सहभागी भई कम्पनीको हकमा आफुलाई लागेको जिज्ञासा राखीदिनु भएको र कम्पनीको सम्वन्धमा उठेका जिज्ञासाहरुको वारेमा छलफल समेत गरी जिज्ञासाको समाधान गर्ने प्रयास गरेको छु । साथै यस्तो

विसम परिस्थतीमा पनि आफ्नो समय तथा प्रविधिको प्रयोग गरी सहभागी भइ दिई कम्पनीको विशेष साधारण सभाको गरीमा वढाइ दिनुभएको साथै कम्पनीको उन्नती र प्रगतिको ख्याल राखी दिनु भई दिनु भएका सुझावको उच्च आदर सम्मानका साथ सवैलाई धन्यवाद दिन चाहान्छु ।

४. प्रस्ताव तथा निर्णयहरु:

**विषय सूची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गऱ्यो :-**

वुदा नं १ उपर छलफल हुँदा यस कम्पनीको समय अनुकुल कारोवार गर्नका लागि कम्पनीको नाममा केही परिवर्तन गर्नु पर्ने भएको हुँदा सोही वमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा १ मा र नियमावलीको नियमा १ मा संम्शोधन गरी यस कम्पनीको नाम युनियन हाइड्रोपावर लि.कम्पनीको नाम परिवर्तन गरी युनियन हाइड्रो होल्डीङ कम्पनी लि. कायम गर्ने र कम्पनीको प्रवन्ध पत्रको दफा ४ मा उद्देश्य थप गरी पाऊ भनि पेश गर्नु भएको विशेष प्रस्ताव पास गरी पाऊ भनि पेश भएको विशेष प्रस्ताव विशेष साधारण सभा हलवाट पास गर्ने निर्णय भएको हुँदा सोही बमोजिम निर्णय गरी सोको अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय गरीयो ।

देहाय

**प्रवन्ध पत्रको दफा १ र ४ (१) को (ड) पछिको (ढ) उद्देश्य थप भएको सम्बन्धमा ।**

१. यस कम्पनीको नाम: यस कम्पनीको नाम **"युनियन हाइड्रो होल्डिङ्ग कम्पनी लि."** हुनेछ र यसको अग्रेजीमा **"Union Hydro Holding Company Ltd."** हुनेछ ।

४. (ढ) कम्पनीले आफ्नो उद्देशय पुरा गर्नका लागि विभिन्न कम्पनीको पहिलो/संस्थापक तथा धितोपत्र वजारमा सुचिकृत दोस्रो वजारका शेयर खरीद विक्रि गर्न सक्ने छ ।

ण) जलविद्युत तथा नबकिरणीय उर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने ।

त) वैक, वित्तिय सस्था, गैह्र वैकिङ्ग वित्तिय सस्था एवं अन्य निकायहरुसंगको सहकायर्य तथा सहभागिता जलविद्युत तथा नविकरणीय उर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा संङ्गठित सस्थामा लगानी गर्ने ।

**कम्पनीको नियमावलीको नियम १ मा भएको शंसोधीत गरी नाम परिर्वतन सम्वन्धमा ।**

१. यस कम्पनीको नाम : यस कम्पनीको नाम **"युनियन हाइड्रो होल्डिङ्ग कम्पनी लि."** हुनेछ र यसको अग्रेजीमा **"Union Hydro Holding Company Ltd."** हुनेछ ।

**वुदा नं २ उपर छलफल** हुँदा यस कम्पनीले हाल रहेको शेयर पूँजीले नयाँ आयोजनामा लगानी गर्न नपुग्ने भएको, हाल उत्पादनमा रहेको मिदिम खोला जलबिधुत आयोजनाको आम्दानी सिमित रहेको, अन्य कम्पनीमा लगानी गरि ब्यपार एवम आम्दानी बृद्धि गर्ने हेतुले र शेयरधनी महानुभावहरुको लगानी अभिबद्धि गर्ने लगायतको कुरालाइ समेत मध्यनजर गरी यस कम्पनीले आयु मोलुङ हाइड्रोपावर पब्लिक लि. द्धारा ओखलढुङ्गा जिल्ला, मोलुङ गाउँपालिका वडा नं ५, ६ र ७ मा अवस्थित २१ मे.वा. क्षमताको आयु मोलुङ खोला हाइड्रोपावर आयोजनामा लगानी गर्न उक्त कम्पनीको प्रति सेयर रु १०० अंकित ७५,००,००० अक्षरुपी पचहत्तर लाख कित्ता शेयर खरीद गरी निर्माण कार्यमा अगाडी वढने उद्देश्य यस कम्पनीको रहेको हुँदा यस कम्पनीले हालको जारी पूँजी ७५,००,००० कित्ताको रु १०० का दरले सतप्रतिशत हुन आउने १ अनुपात १ का दरले रकम रु ७५,००,००,०००/- अक्षरुपी पचहत्तर करोडको हक प्रद शेयर निश्कासन गर्ने विशेष साधारण सभा हलवाट निर्णय गरियो र सोको लागि आवश्यक प्रक्रिया अगाडी वढाउनका लागि हाल वहाल रहेको संचालक समितिलाई सम्पुर्ण काम गर्नका लागि अख्तियारी दिने निर्णय समेत गरियो ।

HYDROPOWER

**वुदा नं ३ उपर छलफल** हुँदा यस कम्पनीको तर्फवाट हक पदर शेयर निश्कासनको प्रक्रिया अगाडी वढाउन तथा कम्पनीको अन्य कुनै निकायमा उपस्थित भई आवश्यक छलफल गर्ने निकासा दिने तथा अन्य नयाँ आयोजनाको लागि मिली जानका लागि छलफल निर्णय गर्ने लगायत कम्पनीको तर्फवाट गर्नु पर्ने सम्पुर्ण काम गर्नका लागि हाल वहाल रहेको संचालक समितिलाई अख्तियारी दिइयोस भनि संचालक समितिको तर्फवाट पेश भएको विशेष प्रस्ताव कम्पनीको विशेष सधारण सभाहलवाट पारित गरियोस भनि संचालक समितिको तर्फवाट कम्पनीको अध्यक्षज्युवाट पेश भएको विशेष प्रस्ताव सर्व- सम्वत रुपमा सभाहलवाट पारित भएको हुँदा सोही वमोजिम यस कम्पनीको तर्फवाट गर्नु पर्ने सम्पुर्ण कार्य गर्नका लागि हाल बहाल रहेको संचालक समितिलाई अख्तियारी दिने निर्णय भएको हुँदा सोही वमोजिम उक्त निर्णयलाई अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय समेत गरीयो ।

**वुदा नं ४.उपर छलफल** हुँदा विविध तथा बिशेष साधारण सभाको समापन सञ्चालक समितिका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले रचनात्मक सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा धन्यवाद दिंदै शेयरधनी महानुभावहरुको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सुचारु रुपले सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सवैलाई संचालक शेयरधनि महानुभाव तथा कर्मचारीहरु सवैलाई धन्यवाद दिंदै सभामा छफलका थप विषय नभएकाले आजको सभा समापन भएको घोषणा गरियो । साथै यस बिशेष साधारण सभाको माइन्यूटमा हस्ताक्षर गर्नका लागि कम्पनीका संचालक अध्यक्ष श्री अभिज्ञा मल्ल, शेयरधनी गोविन्द प्रसाद आत्रेय र रामजी प्रसाद कोइरालाज्युलाई अख्तियारी दिने निर्णय गरियो ।

(हरिवंश भण्डारी)
कम्पनी सचिव

(अभिज्ञा मल्ल)
अध्यक्ष

UNION HYDROPOWER LIMITED
UHP
Lalitpur

(गोविन्द प्रसाद आत्रेय)
शेयरधनी

(रामजी प्रसाद कोइराला)
शेयरधनी

This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
## कम्पनी दर्ताको प्रमाण - पत्र

दर्ता नं: १४६५७०/ ६३/६४

श्री युनियन हाइड्रो होल्डिङ्ग कम्पनी

नामको पब्लिक लिमिटेड कम्पनी संम्वत् २०६३ साल भदौ महिना १४ गते रोज ४ मा दर्ता भएको हुनाले कम्पनी ऐन,२०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ |

Government of Nepal
Ministry of Industry, Commerce & Supplies
# Office of the Company Registrar

## CERTIFICATE OF INCORPORATION OF COMPANY

**Registration No: 146570/63/64**

**This Certificate of Incorporation has been issued to**

**M/s Union Hydro Holding Company**
**Public Limited Company having incorporated it on the 30 day of August 2006, pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.**

शर्त: कम्पनीले अनुमतिपत्र लिई कारोबार गर्नुपर्ने उद्देश्यका लागि सम्बन्धित निकायबाट ईजाजतपत्र/अनुमतिपत्र लिएर मात्र कारोबार गर्नुपर्नेछ।

**Condition: For objectives that need approval/license, the registered company must receive the same from the competent authority.**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०१-३१

This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(............... शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र नम्बर :- ८२/८३
चलनी नम्बर :- कम्पनी प्र./९८१०५

मिति : २०८३-०१-३१
(ने.स. ११४६)

विषय :- उद्देश्य थप/संशोधन,नाम परिवर्तन सम्बन्धमा ।

**श्री युनियन हाइड्रो होल्डिङ्ग कम्पनी, (दर्ता नम्बर : १४६५७०),**
काठमाण्डौं महानगरपालिका-१, काठमाडौं, (प्यान नम्बर : ०००००००००),

तहाँ कम्पनीको मिति २०८३-०१-०६ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको उद्देश्य तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई सम्बन्धित निकायको स्वीकृत लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने लगायत कानून बमोजिमका शर्तहरू पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८३-०१-३० को निर्णयानुसार जानकारी गराइन्छ ।

तहाँ कम्पनीको मिति २०८३-०१-०६ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई तल उल्लेखित शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८३-०१-३० को निर्णयानुसार जानकारी गराइन्छ ।

**तपसिलः**
साविकको नाम:युनियन हाईड्रोपावर
संशोधित नामः युनियन हाइड्रो होल्डिङ्ग कम्पनी

शर्तहरुः
- साविक कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने ।
- कम्पनीको नाम परिवर्तनको सम्वन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सोको प्रति यस कार्यालयमा पठाउने ।
- कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने ।
- नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा नाम संशोधन गर्ने ।
- सम्बन्धित निकायको स्वीकृत लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने ।

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०१-३१

बोधार्थ :

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : https://camis.ocr.gov.np/

This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ................ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

श्री आन्तरिक राजस्व कार्यालय, काठमाडौं

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**प्रमाणित डिजिटल हस्ताक्षर गर्ने**
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०१-३१

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : https://camis.ocr.gov.np/

This document is signed digitally!

लि.नं.१४६५७०/०७२/०७३

## युनियन हाइड्रोपावर लि.

### नियमावलीमा भएको संशोधन

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

कम्पनीको नियमावलीको नियम १ मा भएको शंसोधित गरी नाम परिर्वतन सम्वन्धमा ।

१. यस कम्पनीको नाम :यस कम्पनीको नाम "युनियन हाइड्रो होल्डिङ्ग कम्पनी लि." हुनेछ र यसको अग्रेजीमा **"Union Hydro Holding Company Ltd."** हुनेछ ।

UNION HYDROPOWER LIMITED Lalitpur

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०१-३१

This document is signed digitally!

लि.नं.१४६५७०/०७२/०७३

# युनियन हाइड्रोपावर लि.

को

प्रबन्धपत्रमा भएको संशोधन

कम्पनीको प्रबन्धपत्रको दफा १ र ४ (१) को (ढ) ,(ण) र (त) उद्देश्य थप गर्ने सम्वन्धमा ।

१. यस कम्पनीको नाम : यस कम्पनीको नाम "युनियन हाइड्रो होल्डिङ्ग कम्पनी लि." हुनेछ र यसको अग्रेजीमा **"Union Hydro Holding Company Ltd."** हुनेछ ।

४ (ढ) कम्पनीले आफ्नो उद्देशय पुरा गर्नका लागि विभिन्न कम्पनीको पहिलो/संस्थापक तथा धितोपत्र वजारमा सुचिकृत दोस्रो वजारका शेयर खरीद विक्रि गर्न सक्ने छ ।

ण) जलविद्युत तथा नवकिरणीय उर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने ।

त) बैंक, वित्तिय सस्था, गैह्र बैकिङ्ग वित्तिय सस्था एवं अन्य निकायहरुसंगको सहकार्य तथा सहभागितामा जलविद्युत तथा नविकरणीय उर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने ।

UNION HYDROPOWER LIMITED Lalitpur

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०१-३१

# कम्पनीको नाम तथा ठेगाना परिवर्तन भएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१४ गते**

यस कम्पनीको मिति २०८३/०१/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा मिति २०८३/०१/३० गतेको श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंको स्वीकृति अनुसार साविकको कम्पनी **युनियन हाइड्रोपावर लि.** (दर्ता नं. १४६५७०) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत परिवर्तित नामको कम्पनी **युनियन हाइड्रो होल्डिङ्ग कम्पनी लि.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै **साविक ठेगाना ललितपुर म.न.पा.-३, धोविघाट** बाट परिवर्तन भएर **काठमाडौं म.न.पा.-१, नक्साल** कायम भएको व्यहोरा पनि यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।


**युनियन हाइड्रो होल्डिङ्ग कम्पनी लि.**

काठमाडौं म.न.पा.-१, नक्साल

E-mail : unionhppl@gmail.com

Website : www.unionhydropower.com.np